लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय, दाङ**

# मासिक जनस्वास्थ्य बुलेटिन

आ. वः २०८२/८३  बर्षः पहिलो  अंकः ११  जेष्ठ २०८३

## जेष्ठ महिनाका प्रमुख उपलब्धिहरु

- ✓ पूर्णखोप सुनिश्चितता तथा दिगोपनाका लागि पालिकास्तरीय डाटा भेरिफिकेसन तथा घोषणा कार्यक्रम
- ✓ सिकलसेल तथा थालासेमियाको स्क्रिनिङ तथा प्रेषण र निशुल्क विमा कार्यक्रम
- ✓ विषयगत कार्यक्रमहरुको स्थलगत अनुशिक्षण तथा सहयोगात्मक सुपरिवेक्षण
- ✓ महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुका लागि पुनर्ताजगी तालिम सञ्चालन
- ✓ छालारोगको जाँच तथा सक्रिय खोजपड्ताल कार्यक्रम

## जेष्ठ महिनाका प्रमुख उपलब्धिहरु

- ✓ औलो तथा कालाजार रोग नियन्त्रणको लागि विषादी छिड्काउ कार्यक्रम
- ✓ समुदायमा पोषिलो खाना प्रदर्शनी कार्यक्रम
- ✓ प्रजनन् स्वास्थ्य समन्वय समितिको बैठक
- ✓ किशोरकिशोरी स्वास्थ्य सेवा बिस्तार
- ✓ HPMSS अभिमुखीकरण कार्यक्रम
- ✓ सुर्ती सेवन तथा लागु पदार्थ दुर्व्यसनको अवस्था र असरबारे उच्च जोखिममा रहेका समुदायमा अन्तरक्रिया

## जेष्ठ महिनामा सम्पादन गरिएका मुख्य/मुख्य क्रियाकलापहरुबारे थप जानकारी

**महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुका लागि पुनर्ताजगी तालिम:** दाङ जिल्ला अन्तर्गतका पुनर्ताजगी तालिम लिन बाँकी म.सा.स्वा.स्व.से.हरुको विवरण संकलन गरी विभिन्न व्याचहरुमा तुलसीपुर, बबई लगायतका स्थानीय तहरुमा पुनर्ताजगी तालिम सञ्चालन गरिएको थियो। साथै, बंलगाचुली गाउँपालिकामा आधारभूत तालिम सञ्चालन गरिएको थियो।

**सिकलसेल तथा थालासेमियाको स्क्रिनिङ तथा प्रेषण र निशुल्क विमा कार्यक्रम:** सिकलसेल तथा थालासेमियाको स्क्रिनिङ तथा प्रेषण कार्यक्रमअन्तर्गत तुलसीपुर उपमहानगरपालिकामा करिव ४५० स्थानीयहरुको रगत परीक्षण गरिएको थियो। साथै, विभिन्न स्थानीय तहबाट सिफारिस भई आएका सिकलसेलका बिरामीहरुको निशुल्क स्वास्थ्य बिमा गर्ने कार्यसमेत हुँदै आएको छ।

dphodang@gmail.com,
hodang@lumbini.gov.np
०८२-५६०००५
ho.lumbini.gov.np

**कार्यक्रमहरुको विषयगत स्थलगत अनुशिक्षण तथा सहयोगात्मक सुपरिवेक्षण:** स्थानीय तहका स्वास्थ्य संस्थाबाट सञ्चालन भएका मातृ तथा नवशिशु कार्यक्रमहरुको अनुगमन क्लिनिकल अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रमअन्तर्गत सुरक्षित प्रसुति तथा गुणस्तरिय सेवा प्रवाहको लागि आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा क्लिनिकल अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रम संचालन गरिएको थियो। साथै, सि.बि.आई.एम.एन.सि.आई. कार्यक्रमको समेत केही संस्थाहरुमा सहयोगात्मक सुपरिवेक्षण सम्पन्न भएको थियो। त्यसैगरी, तथ्याङ्क गुणस्तर सुधारका लागि स्थानीय तह एवम् स्वास्थ्य संस्थाहरुमा एल एम आइ एस, एच एम आइ एस र डि एच आई एस र PAMS V2 सम्बन्धी अनसाइट कोचिङ (स्थलगत अनुशिक्षण) र स्थानीय तह स्वास्थ्य शाखाको मासिक मिटिङमा सहजीकरण समेत गरिएको थियो।

**औलो तथा कालाजार रोग नियन्त्रणको लागी विषादी छिड्काउ कार्यक्रम:** यस कार्यक्रमअन्तर्गत जेष्ठ महिनामा तुलसीपुर नगरपालिकाको वडा नं. ७ पर्सेनी र राजपुर गाउँपालिका वडा नं. ७ का जोखिमयुक्त करिव ६५० घर र ७९० कटेराहरुमा विषादी छिड्काउ गरिएको थियो।

**समुदायमा पोषिलो खाना प्रदर्शनी कार्यक्रम:** जिल्लास्थित ६ वटा स्थानीय तहका ४/४ वटा स्थानहरुमा समुदायमा पोषिलो खाना प्रदर्शनी कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रमको व्यवस्थापन स्वास्थ्य कार्यालयका पोषण फोकल पर्सनले गर्नुभएको थियो भने सहभागीको रुपमा सुनौलो १००० दिनका आमाहरु थिए। सहयोग तथा समन्वय स्थानीय तह स्वास्थ्य शाखा र सम्बन्धित स्वास्थ्य संस्थाहरुले गरेका थिए।

**छालारोगको जाँच तथा सक्रिय खोजपड्ताल कार्यक्रम:** जिल्लास्थित रासी, लमही, गढवा र बबई गाउँपालिकाका ४ वटा स्थानहरुमा यो कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा करिव ३४० को ओपिडी जाँच, १९ जनाको छालाको प्रयोगशाला परीक्षण गरिएको थियो। जसमध्ये, ६ जनामा कुष्ठरोग प्रमाणित भई औषधी उपचार गरिएको थियो।

**सुर्ती सेवन तथा लागु पदार्थ दुर्व्यसनको अवस्था र असरबारे उच्च जोखिममा रहेका समुदायमा अन्तरक्रिया:** गढवा, लमही, शान्तीनगर र दंगीशरणका ४ वटा स्थानहरुमा जोखिममा रहेका समुदायहरुमा यो अन्तरक्रिया कार्यक्रम गरिएको थियो। कार्यक्रममा १७६ जना सहभागी रहेका थिए।

**स्थानीय तहहरुको पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा:** डाटा भेरिफिकेसनपश्चात जिल्लास्थित ९ स्थानीय तहहरुमा पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणाको प्रमाणीकरण तथा अनुमति प्रदान गर्ने कार्य सम्पन्न भएको थियो।

**प्रजनन् स्वास्थ्य समन्वय समितिको बैठक:** जिल्लास्तरीय प्रजनन् स्वास्थ्य समन्वय समितिको बैठक बसी दंगीशरण गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरीयुक्त पालिका सुनिश्चतता तथा रासी गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरीयुक्त पालिका घोषणाका लागि निर्णय भएको थियो।

**आधारभूत स्वास्थ्य सेवा स्तरीय उपचार पद्धति सम्बन्धी ३ दिने अभिमुखीकरण:** जिल्लास्थित १० वटै स्थानीय तहमातहतका स्वास्थ्य संस्थामा कार्यरत यसअघि यो तालिम नलिएका स्वास्थ्यकर्मीहरुलाई दोस्रो व्याचमा BHS STP सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रम गरिएको थियो। कार्यक्रममा २७ जनाको सहभागिता रहेको थियो।

## स्थानीय तहहरुबाट जेष्ठ महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु

जेष्ठ महिनामा जिल्लास्थित सबै स्थानीय तहहरुमा पूर्ण खोप सुनिश्चतता तथा दिगोपनाका लागि स्वास्थ्य संस्थास्तरीय डाटा भेरिफिकेसन तथा दिगोपना सुनिश्चितता, निशुल्क बिपन्न नागरिक औषधी उपचार सिफारिस, जेष्ठ नागरिकको घरदैलोमा स्वास्थ्य जाँच, नसर्ने रोगको स्क्रिनिङ अभियान कार्यक्रम, स्वास्थ्य संस्थाहरुको मासिक समीक्षा बैठकलगायत अन्य नियमित कार्यक्रमहरु सञ्चालन भएका थिए। यसका अतिरिक्त कार्यक्रमहरुको विषयगत स्थलगत अनुशिक्षण, सहयोगात्मक सुपरिवेक्षण तथा अनुगमनका कार्यक्रमहरु भएका थिए।

## सुझाव र प्रतिक्रियाका लागि

**सूचना अधिकारी**
नामः प्रेम प्रकाश खड्का
पदः अधिकृत लेखा
फोन नम्बरः ९८५७८६०००५
ईमेल ठेगानाः khadkapremprakash2@gmail.com

**गुनासो सुन्ने अधिकारी**
नामः शरद कुमार घिमिरे
पदः अधिकृत छैठौं
फोन नम्बरः ९८४७८२०३८८
ईमेल ठेगानाः sharad20ghimire@gmail.com

## आगामी महिनाको योजना

- स्तनपानसम्बन्धी स्वास्थ्यकर्मीहरुलाई तालिम
- क्षयरोगसम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम
- LPEP कार्यक्रम
- MPDSR कार्यक्रमको पुनर्जागरण कार्यक्रम
- नियमित रुपमा गरिने अन्य कार्यक्रमहरु
- कार्यक्रमगत स्थलगत अनुशिक्षण, सहयोगात्मक सुपरिवेक्षण र अनुगमनलगायत अन्य नियमित कार्यक्रमहरु
- पोषिलो खाना प्रदर्शनी कार्यक्रम

## कार्यक्रमसम्बन्धी फोटोहरु



छालारोग जाँच शिविरमा विरामीको जाँच तथा परीक्षण, बबई



सुर्ति सेवन तथा लागु पदार्थ दुर्व्यसनीसम्बन्धी अभिमुखीकरण कार्यक्रम, दंगीशरण



सिकलसेल तथा थालासेमिया रोगको स्क्रिनिङ तथा परीक्षण कार्यक्रम, गढवा



समुदायमा पोषिलो खाना प्रदर्शनी कार्यक्रम, तुलसीपुर




औलो तथा कालाजार रोग नियन्त्रणको लागि विषादी छिड्काउ कार्यक्रम, राजपुर



पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम, राप्ती

dphodang@gmail.com,
hodang@lumbini.gov.np
०८२-५६०००५
ho.lumbini.gov.np